Received Date : Oct. 2022 Revised :Nov. 2022 Accepted : Dec. 2022

# सामाजिक विज्ञानमा अनुसन्धान पद्धति : पुस्तक समीक्षा
## Research Methodology in Social Sciences: Book Review

**मुरारीकृष्ण गौतम**
सह-प्राध्यापक, इतिहास/निर्देशक–बी.सी.ए. कार्यक्रम
सरस्वती बहुमुखी क्याम्पस, लैनचौर, काठमाडौं ।
Email : prof.mgautam@gmail.com

**सारसंक्षेप**

*प्रस्तुत पुस्तक अनुसन्धान विधिमा आधारित महत्त्वपूर्ण कृतिको रूपमा रहेको छ । यसका कृतिका लेखक डा. जगतप्रसाद पराजुली हुन् । उनले इतिहास, संस्कृति, पुरातत्व, पर्यटन लगायत जनसरोकारका अनेकौँ विधामा कलम चलाएर समाज र मुलुकलाई महत्वपूर्ण गुण लगाएका छन् । प्रस्तुत पुस्तक त्यही पाटोको एउटा ज्वलन्त दृष्टान्त हो । मानवीय क्रियाकलाप, गतिविधि, जीवनसङ्घर्षका अनुभव, त्याग, समर्पण, साहसिक योगदान र महत्वपूर्ण भूमिकाले गर्दा समाज विकासको प्रकृया निरन्तर अगाडि बढ्ने क्रमसँगै अनेकौं सफलताहरू उपलब्धिका रूपमा प्राप्त भइरहेका छन् । त्यसैले मानव सभ्यता र संस्कृतिको श्रीवृद्धि हुनमा मानवीय क्रियाशीलताको अभूतपूर्व योगदन रहेको छ । समयानुकूल उत्पन्न भएको सोच, आवश्यकता अनुरूप अगाडि बढेको खोजमूलक कार्य, जीवन पद्धतिलाई सरल, सहज र सभ्य तुल्याउने अन्वेषणात्मक आविष्कार र सांस्कृतिक विशिष्टताहरू युगान्तकारी, परिवर्तनगामी र ऐतिहासिक महत्वका विषयहरू बन्न पुगेका छन् । यसको अर्थ सभ्यता र संस्कृतिको उत्थानसँगसँगै मानव मष्तिष्कमा सचेतनाका अनमोल गुणहरू कायम रहेकोले समाज विकासको यात्रा सुगम बन्दै अग्रगमनतर्फ उन्मुख भइरहेको छ । समयसापेक्ष सुधार, प्रगति, विकास र परिवर्तन आउँदै गर्दा मानवीय सङ्घर्षशील योगदानको चर्चा नगरी हुन्न । मानव सभ्यताको क्रमिक विकास अनुसन्धानकै माध्यमबाट गतिशील भएको तथ्य नकार्न सकिन्न । समाज विकास र मानवकल्याणका गतिविधिमा शोध, खोज तथा अन्वेषणको गहन तथा ऐतिहासिक महत्व रहेको छ। समय-समयका युगान्तकारी परिवर्तनहरू अनुसन्धानकै परिणामद्वारा निस्रित भएका हुन् ।*

**शब्दकुञ्जी** : अन्वेषणात्मक, युगान्तकारी, समयसापेक्ष, विशिष्टता र अवधारणात्मक ढाँचा ।

## पृष्ठभूमि

अन्वेषण कार्य मानव कल्याण, समृद्धि र परिवर्तनको सम्वाहक मात्र नभएर विकास प्रकृयाको पर्याय हो, सुधारको अमोक साधन पनि हो । शोधकार्यले ज्ञानको तलास गर्दछ । उक्त ज्ञानलई विस्तार गर्ने, सर्वग्राह्य गराउने र सर्वश्रेष्ठ तुल्याउने कुरामा शोधार्थीले विशेष क्षमता र त्यसमाथि दखल राख्नै पर्दछ । अन्वेषणात्मक कार्य सामान्य किसिमको अध्ययन होइन । यसका नियमसङ्गत पद्धतिहरू हुन्छन् । विषयविधाका गुणअनुसार ती पद्धतिहरूलाई प्राविधिक पक्षबाट अक्षरशः परिपालना गरी त्यसबाट निस्रित उपलब्धिहरूलाई लक्षित उद्देश्यअनुरूप उपयोग गर्नु पर्दछ ।

अनुसन्धान पद्धतिका चरणबद्ध प्रकृयाहरू हुन्छन् । अन्वेषण गर्ने तरिका, प्रणाली, रणनीति, विधि-प्रविधि पनि प्रतिपादन भइसकेको अवस्थामा त्यसलाई विवेकपूर्ण तरिकाले अबलम्बन गर्न सक्दा अपेक्षा गरेको प्रतिफल प्राप्त हुन्छ । प्राज्ञिक क्षेत्रबाट विज्ञ-विशेषज्ञहरूको परामर्श, संस्थागत सुझाव, सुपरीवेक्षकको निर्देशन बमोजिम कुनै पनि बौद्धिक अनुसन्धान कार्यहरू मूल्याङ्कनका अनेक तह पार गरेर सार्वजनिक भएका हुन्छन् । तिनीहरूले उजागर गरेको निष्कर्षण साधारण किसिमको हुँदैन ।

मानिस सिर्जनशील प्राणी हो । सिर्जनमा साधनारत रहनु मानिसहरूको मनोनुकूल सदिच्छा नै हुन्छ । सिर्जनशीलता रचनात्मक कृयाकलाप पनि हो । यसले समाजलाई मार्गनिर्देशन गर्न, सचेतना जगाउनुका साथै जागरण अभियानमा सहभागिता अभिवृद्धि गराउँछ । प्रायः सिर्जनशीलता कल्पनात्मक, भावनात्मक, आलङ्कारिक र आत्मपरक हुने गर्दछ । यद्यपि यसले समजलाई राष्ट्रिय जागरणमा अभिमुखीकृत गराउन मद्दत दिन्छ । सामाजिक विज्ञानका धेरै विषयगत विधाहरू वैज्ञानिक ढाँचामा खोजमूलक भएका छन् । समाज, क्षेत्र, राष्ट्र र अन्तर्राष्ट्रियस्तरमा पनि अनेक समस्याहरू उत्पन्न हुने गर्दछन्  तर ती समस्याहरूलाई उचित ढङ्गबाट समाधानको बाटो पहिल्याउने कार्य अन्वेषणले नै गर्दछ । यसलाई उपयुक्त ढङ्गबाट सरल किसिमले अवतरण गराउने कार्यमा शोधकार्यको ठूलो योगदान रहन्छ ।

शोधकार्य समस्या निदानको पहलु पनि हो । यसलाई वैज्ञानिक किसिमले हेर्नसक्नु पर्दछ । व्यवस्थित Systematic) ढङ्गले अध्ययन गरेर समस्याको चुरो पत्ता लगाउनु पर्छ ।

विगतमा अनुसन्धान कार्य सतही अध्ययनमा सङ्कुचित थियो । प्रविधिको विकास अहिलेको जस्तो अवस्थामा थिएन । स्रोत र साधनमा पनि उत्सुक व्यक्तिहरूको पहुँच न्यून अवस्थामा थियो । सोच, चाहना र बौद्धिक महत्वकाङ्क्षा राख्ने अध्ययनशील व्यक्तिहरूमा समेत त्यतिविघ्न प्राज्ञिक गुणवत्ता वृद्धि हुन सकिरहेको थिएन । जीविकोपार्जनकै वरिपरि बौद्धिक अभ्यास र साधना नियन्त्रित थियो । असङ्ख्य चुनौति र कठिनाइका बीचबट प्राज्ञिक उन्नयनका कृयाकलापहरू धिमा गतिमा अगाडि बढेको थियो । जबजब समयको गतिसँगै परिस्थितिमा आमूल परिवर्तन हुनथाल्यो । तबतब मानिसले विवेकले भ्याएसम्म बौद्धिक क्षेत्रलाई तीव्र वेगका साथ सुधारात्मक दिशानिर्देश गर्ने जमर्को गर्न थाले । एकसेएक विद्वान्, लेखक, दार्शनिक, विचारक, विषयगत विज्ञ र अनेक विधाका जानकार व्यक्तिहरू व्यक्तिगत, सामूहिक र सामुदायिक रूपमै सङ्गठित भएर संस्थागत हिसाबबाट प्राज्ञिक क्षेत्रको वृहत्तर उन्नतिका निमित्त प्रयास गर्न थाले ।

## अनुसन्धान विधि

मानव सभ्यताको विकास प्रकृयामा खोजमूलक अनुसन्धानात्मक कार्यको अद्वितीय योगदान रहेको हुन्छ । मानिस अन्वेषणशील प्राणी भएकोले समाजका सम्पूर्ण मानवीय कृयाकलापहरूको बारम्बार सोधखोज गरेर ज्ञान अभिवृद्धि गर्न सदैव क्रियाशील भइरहेको हुन्छ । त्यसैले अनुसन्धान समाज कल्याणको अमोघ साधन र ज्ञानवृद्धिको शक्तिशाली कुञ्जी पनि हो । ऐतिहासिक विषयवस्तुहरूको अध्ययन अन्वेषणात्मक प्रकृयाबाट क्रियान्वित हुन्छन् । त्यसको अध्ययन-अनुशिलनको आफ्नै मौलिक प्रणाली, ढाँचा, प्रकृया र पद्धतिहरू हुन्छन् । अवलोकन, निरीक्षण, सर्वेक्षण, परीक्षण, अध्ययन-विश्लेषण आदिद्वारा सत्यतथ्यको खोजी गर्दै वस्तुनिष्ट यथार्थतालाई ओजपूर्ण प्रस्तुतीकरण गर्नु यसको मुलभूत उद्देश्य र सूत्रवद्ध चरण हो । विद्वान्हरूले इतिहास सम्बन्धी खोजीनीति गर्ने कार्यलाई सत्यान्वेषणको कसीमा खह्रो उतार्न सक्नुपर्छ भनेर परामर्श प्रदान गरेका छन् ।

यसै शिलशिलामा प्रस्तुत विषयको यो लघुअनुसन्धान पनि समाजभित्र अन्तरनिहीत विषय र मुलुकको समग्र तत्कालीन परिवेशलाई हुबहु चित्रण गर्ने आलेख भएको हुनाले ऐतिहासिक अध्ययन विधिका चरणवद्ध पद्धतिहरूलाई आत्मसात गरेर तयार पारिएको छ । अध्ययन-भ्रमण, अवलोकन, गहन-साक्षात्कार, प्रश्नावली, नमुना छनौट, यान्त्रिक उपयोग, लक्षित समूह, छलफल, प्राथमिक स्रोतहरूको संकलन, सहायक सामग्रीहरूको सम्परीक्षण जस्ता पद्धतिगत अवधारणहरूलाई अनुसन्धानको मार्गदर्शक ठानिएको छ । मिथ्यांक नपरुन, यथार्थता नछुटुन, आत्मपरक सूचनाहरू प्रशोधित हुन सकून भन्ने विषयगत सन्दर्भलाई सावधानीका साथ पर्गेल्ने काम भएको छ । हुनत यी महान् सपूत शहीद सरोजप्रसाद कोइरालाको व्यक्ति र व्यक्तित्वका बारेमा एउटा ठूलो ग्रन्थ नै तयार हुनसक्ने स्थिति हुँदाहुँदै पनि एउटा संक्षिप्ताकृतिको आलेखबाट उनको जीवन संघर्षका यावत अनुभव, भूमिका, योगदान तथा समग्र उपलब्धिहरूको चित्रण गर्न खोज्नु निकै सकसपूर्ण र गाह्रो काम हो भनेर जान्दाजन्दै पनि उहाँप्रति न्याय हुन पावस् भन्ने कुरालाई राम्ररी हेक्का राखिएको छ ।

अनुसन्धन निरन्तर चलिरहने पद्धति भएकोले आगामी दिनमा प्रस्तुत विषयले गहकिलो आकार प्राप्त गर्ने अभिलाषा राखिएको छ। सम्बन्धित सरोकारवाला व्यक्तिहरूसँग सूचनामूलक जानकारी हासिल गर्न विगत तथा वर्तमान समयमा लिइएका साक्षात्कारहरूबाट प्राप्त सम्पत्तिजन्य सूचनाहरूलाई समेत समेटेर यो आलेख तयार पारिएको छ। अन्तर्वार्ता सूचना प्राप्तिको प्राथमिक आधार, प्रमाण र सम्पत्ति पनि हो।

## अनुसन्धानको महत्व

अनुसन्धान समसामयिक विषय क्षेत्रका सबै पक्षका लागि अपरिहार्य सन्दर्भ हो। यसले सबै पेशाकर्मीको पेशागत विविधिकरण र विशिष्टीकरणमा योगदान पुऱ्याउँछ। गुणस्तरीय पक्षको विकासमा समेत भूमिका खेल्दछ। विद्यार्थीहरूलाई शोधकार्यका माध्यमबट आफ्नो विषयलाई अब्बल तुल्याउन सघाउँछ। शिक्षक, प्राध्यापक आदिलाई आफ्नो विषयमा विज्ञता र विशेषज्ञता विनिर्मित हुन मद्दत दिन्छ। शोध विशेषज्ञको रूपमा आफ्नो पहुँच र पहिचान विस्तार गर्न टेवा पुऱ्याउँछ। साहित्यकारलाई सिर्जनशीलता विकासमा नयाँ शैली र चरणहरूको प्रयोगमाथि नवीनता थप्ने कार्य गर्दछ। विज्ञान, दार्शनिक र लेखन क्षेत्रका प्रतिभाशाली व्यक्तिहरूलाई जीवनयापनको उत्कृष्ट साधन र माध्यम बनाउन यथेष्ट भूमिका खेल्दछ (शर्मा र लुईटेल, २०६८ : ७)। विश्लेषक तथा बुद्धिजीविहरूलाई नवीन सिद्धान्तको प्रतिपादन र सामान्यीकरणका दृष्टिकोणहरू निर्दिष्ट गर्न उत्प्रेरित गर्दछ। नवीन अवधारणा विकास गर्न र अनेक विषयक्षेत्रमा सुक्ष्मातिसूक्ष्म दृष्टिकोणका साथ समीक्षा गर्नसक्ने सीपको बढोत्तरी गराउँछ। व्यापार, वाणीज्यका संस्थागत प्रतिष्ठानहरूको विकास प्रवर्द्धन र प्रतिष्पर्धामा सफलता चुम्ने मार्ग प्रशस्त गर्दछ। औद्योगिक प्रतिष्ठानहरूलाई आफ्ना उत्पानहरूको उत्पादकत्व वृद्धि र अन्तराष्ट्रिय बजारमा तिनीहरूको निर्वाध रूपले निकासी-पैठारीमा सहजीकरण गर्दछ (सुलैमान, १९९८ : १७-१९)। यसरी हेर्दा अनुसन्धानले स्पर्श नगरेको कुनै विषय र क्षेत्र छैन, केवल त्यसलाई मानव कल्याणका लागि वृहत्तर उपयोग र सहज पहुँच पुऱ्याउनु पर्ने जरुरत छ।

अन्वेषण कार्यले ज्ञानको भण्डार वृद्धि गर्न र बारम्बार पुनरमूल्याङ्कन गर्न, तथ्यहरूलाई शिलशिलेबार ढङ्गले सम्परीक्षण गर्न, क्षमता विस्तार, मौलिकताको विकास एवं वस्तुपरक बन्दै स्वतन्त्र रूपले चिन्तन गर्न सिकाउछ। अध्ययनलाई सुव्यवस्थित गर्न, सही विश्लेषण गर्न र प्रभावोत्पादक ढङ्गले अभिव्यक्ति प्रकट गर्ने सक्षमताको बढोत्तरी गराउँछ। प्रस्तुतीकरणमा दमदार बजन बढाउन भूमिका पनि खेल्दछ। व्यवहारिक, प्रयोगात्मक एवं सैद्धान्तिक ज्ञानका निमित्त सदैव जिज्ञासु र जीजीविषु हुन प्रोत्साहित गर्दछ। यसर्थ अनुसन्धान कार्य विद्यमान समाजका लागि मात्र नभएर भावि आगन्तुक पुस्तालाई समेत उत्कृष्टतम् उपयोगी, आवश्यकीय, अनिवार्य र वाञ्छनीय माध्यम हो (निउरे, २०६९ : १५-१६)। मानव मष्तिष्कलाई गुणवान, तेजवान र महत्ता दर्शाउन शोधको अतुलनीय योगदान परिलक्षित हुन्छ। तलका बुँदागत सन्दर्भहरूले पनि शोधको महत्व, आवश्यकता प्रयोजनीयता तथा उपयोगिता छर्लङ्ग हुन्छ।

## अध्यायगत वर्गीकरण

माथि उल्लिखित सामाजिक विज्ञानमा अनुसन्धान पद्धति नामक पुस्तक नौ अध्यायमा वर्गीकृत छ। प्रथम अध्यायमा अनुसन्धान पद्धति सम्बन्धी वृहत्तर अभिलेखन भएको देखिन्छ। त्यसमा आधुनिक समयमा परिचालन गरिएका आकर्षक अनुसन्धानात्मक प्रणालीहरूको प्राविधिक पक्षलाई सबल ढंगले उपयोग गरी त्यसका विधि र प्रक्रियाहरू, नीति र प्रणालीहरू लगायत सैद्धान्तिक अवधारणाका अनेकन चरणहरूलाई आत्मसात गरेर उक्त अध्यायमा विशिष्टीकृत प्रस्तुती गरिएको परिलक्षित हुन्छ।

त्यसैगरी दोस्रो अध्याय अनुसन्धान ढाँचाका सैद्धान्तिक अवधारणाहरूलाई विषयगत विशिष्टताका आधारमा अभिव्यक्ति गरिएको देखिन्छ। त्यसका पनि नौवटा हाँगाहरूलाई अलग अलग किसिमले चित्रण गरिएको देखिन्छ। तिनीहरूले पुस्तक लेखनमा आवश्यक पर्ने कार्यविधिलाई अक्षरशः पालना गर्न सिकाएको पाइन्छ।

तेस्रो अध्यायमा इतिहासमा अध्ययन पद्धति नामक शीर्षक दिएर त्यस अन्तर्गतका अनेकौं शाखा-प्रशाखाहरू चित्रित गरिएका छन् । तिनीहरूले इतिहास, पुरातत्व, संस्कृति तथा पर्यटन सम्बन्धी विषयहरूमा सत्यान्वेषी भएर प्रमाणित, विश्वसनीय, भरपर्दो र वस्तुनिष्ठ अध्ययनका लागि अनेकौं चरणहरू पार गरेर तथ्यपूर्ण इतिहास लेखनका लागि कृतिकार तथा अन्वेषकहरूलाई अनुसन्धानका लागि गुरुयोजना प्रस्तुत गर्न बोटो देखाउछ । यसका आधारमा गवेषणा गरियो भने यथार्थपरक र वस्तुनिष्ठ अध्ययनको प्रक्रिया उत्कर्षमा पुग्ने कुरालाई मध्यनजर गरिएको देखिन्छ । यसको सवलतम पक्ष नै यही हो ।

त्यसैगरी अध्याय चार तथ्यांक संकलनसँग सम्बन्धित छ । त्यसका आधारभूत तत्वहरू, सूचना संकलनका विधिगत प्रणालीहरू, अन्तर्वार्ता, प्रश्नावली, अवलोकन तथा नमुना छनौट लगायतका विषयवस्तुहरूलाई विस्तृत रूपमा चरणवद्ध अध्ययनको पाटो पक्रिएर प्रामाणिक इतिहास लेखनमा मार्गनिर्देशन गरिएको प्रष्ट देखिन्छ । यसका साथै अध्याय पाँच प्रस्तावना लेखनमा निहित रहेको छ । यसका आधारभूत तत्वहरू, फर्मेट र अंगप्रत्यंगहरूको सिलसिलेवार चित्रण हुनुका साथै  विषय छनौटदेखि सन्दर्भसामग्री, पद्धतिगत ढाँचामा राख्ने स्वरूप र संरचनाको त्यसमा व्याख्या परेको छ । पद्धति अनुसरण गरेर कृति लेखनमा सत्प्रयास गर्दा यस किसिमको प्रयत्न भयो भने कृति ओझपूर्ण, खोजपूर्ण हुनगई बोझपूर्ण हुँदैन भन्ने प्रष्ट धारणा व्यक्त गरिएको देखिन्छ ।


अध्याय छ अनुसन्धान प्रतिवेदन लेखनसँग सम्बन्धित रहेको छ जसमा प्राज्ञिक प्रतिवेदन लेखन, परियोजना प्रतिवेदन लेखन लगायतका आयमूलक विषयगत शीर्षकमा प्रतिवेदन लेखनका अनेकौं ढाँचा र तिनीहरूको बुहआयामिक लगायत त्रिकोणात्मक पक्षको समेत सिलसिलेवार चित्रण गरिएको छ । प्रतिवेदन टंकण गर्ने तरिका, अंगहरूको प्रक्षेपण र प्रकारहरूको प्रक्रिया समेतका बारेमा अनुसन्धान गर्न सिकाउने शृंखलाहरू समेटिएका छन् । प्राज्ञिक लेखन अध्याय सातमा समेटिएको विषय हो । सबै लेखन प्राज्ञिक हुँदैनन् । कतिपय पेशागत विशिष्टकरणका लेखनहरू हुन्छन् । तिनीहरू सबै प्राज्ञिक नभएर सिर्जनात्मक हुन पुग्छन् । सिर्जनात्मक लेखन र प्राज्ञिक लेखनमा पनि विविधता छ । प्राज्ञिक लेखन वस्तुनिष्ठ हुन्छ भने सिर्जनसिल लेखन विषयनिष्ठ हुन्छ । सो कुरालाई प्रस्तुत पुस्तकमा स्पष्ट हुने गरी व्याख्या गरिएको छ । कोही कुनै कारणले दुविधामा पर्नुपर्ने अवस्था नरहने गरी सो विषयलाई शीर्षकले मार्गनिर्देशित गरेको देखिन्छ । प्राज्ञिक लेखन विद्वत् भावहरण नहुने किसिमले अर्थात् बौद्धिक चोरीको कसुर नपुग्ने गरी लेखनलाई बढवा दिन अभिप्रेरणा प्रदान गरिएको प्रष्ट उल्लेख भएको पाइन्छ । कृतिको सबैभन्दा उत्कृष्ट, मजबुत र दर्बिलो, गहन गहना नै यसलाई मान्न सकिन्छ किनकी केही विद्वान्हरूले आफूलाई प्राज्ञिक क्षेत्रको बहुप्रतिभाशाली देखाउन अनेकौं कृतिहरूका सन्दर्भहरू तथा प्रसंगहरूलाई उद्धृत गरेर त्यसलाई आफ्नो अनुकूलमा मौलिकता प्रकट गरी प्रस्तुतीकरण गरेको देखिन्छ । त्यो प्राज्ञिक लेखनमा साह्रै नमिल्ने र आलोचनात्मक विषय ठहर्छ । लेखकले सो कुरालाई प्राथमिकतामा राखेर सजकता निर्वाह गर्न औंल्याएका छन् । यो पनि एउटा प्रशंसनीय लेखनको मूल्यवान पाटो हो ।


अध्याय आठ स्थलगत अध्ययनसँग सम्बन्धित छ । यसलाई अध्ययनका तहहरू, प्रकारहरू, प्रक्रियाहरू लगायत सन्दर्भ सामग्री संयोजनका अनेकौं उदाहरणहरू, तरिका र कार्यपद्धतिहरू उल्लेख गर्दै विभिन्न चरणमा यिनीहरूको संयोजन गर्न सकिने पक्षलाई उजागर गरिएको छ साथै स्रोतहरूको समुचित संरचना तयार गर्न यस पुस्तकले लेखकहरूलाई एउटा राम्रो मार्ग समात्न र त्यसको जगमा उभिन सिकाएका छन् । यो पनि युक्तिसंगत र कृतिको न्यायसंगत पक्ष मान्न सकिन्छ ।

प्रस्तुत पुस्तकको नवौं अध्याय उपसंहारसँग अन्तरनिहित छ । उक्त अध्यायमा पुस्तकका विशिष्ट पक्षहरूलाई सारसंक्षेपको रूपमा समीक्षा गर्दै सिंहावलोकन गरिएको प्रसंग पनि देखिन्छ । समग्रमा पुस्तकमा वर्गीकृत अध्यायहरू आफैमा सबल, प्रबल र अब्बल हुनुका साथै लेखनकलालाई व्यवस्थित, संगठित, वैज्ञानिक र अनुसन्धानात्मक चरणहरूको समुचित प्रयोगबाट सबलीकृत गर्न सिकाएको प्रष्ट देखिन्छ ।

## निष्कर्ष

डा. पराजुलीद्वारा लिखित दर्जनौं पुस्तकहरूमध्ये अनुसन्धान पद्धतिलाई मूल आधार मानेर लेखिएको माथि उल्लिखित कृति अनुसन्धान विधाको एउटा विशिष्ट स्थान ओगट्ने पुस्तकीय सामग्री हो । आजको विश्व अनुसन्धानका आधारमा परिचालित छ । विना अनुसन्धान कुनै पनि लेखन अगाडि बढ्न सक्दैन । यथार्थ, वास्तविक, भरपर्दो, विश्वासिलो, वस्तुनिष्ठ, सत्यान्वेषी, प्रामाणिक अध्ययनका लागि अनुसन्धान सबैभन्दा आवश्यकीय र मूल्यावान चरण मानिन्छ । विश्वका शक्तिशाली र सम्पन्न देशहरू समृद्धिको उत्कर्षमा पुगेको उदाहरण अनुसन्धानकै चरणबाट ती देशहरू प्रगतिपथमा लम्किएको कारणले सम्भव भएको हो भन्ने कुरा घामजत्तिकै छर्लङ्ग छ । जुन देशले अनुसन्धानात्मक प्रणालीलाई अंगीकार गरेका छैनन्, तिनीहरू विपन्नताको कुचक्रमा फसेका छन् र गरिबीलाई आफ्नो नियति बनाएका छन् । यसको अर्थ हरेक मुलुकले समृद्धिको बाटो पहिल्याउनु छ भने गवेषणाको मूल मन्त्रलाई आत्मसात् मात्र नगरेर त्यसलाई मजबुत किसिमले कार्यान्वयनको चरणमा पनि इमान्दारिताका साथ प्रयुक्त गराउनु अपरिहार्य ठहर्छ । अझ विपन्न राष्ट्रहरूले त कुनै पनि विषयमा गरिएका अनुसन्धानात्मक कार्यहरूलाई दराजको एउटा कुनामा थन्क्याएर मनोगणन्त मनोवृत्ति र मनोकांक्षाका आधारमा अगाडि बढ्दा भोगेको भुक्तमान उदाहरण दिन योग्य हुन पुगेको छ किनकी अनुसन्धानका निष्कर्षहरू बन्द कोठामा थुनिँदा समृद्धिको सदीक्षा पनि कुनै ठाउँमा थन्किएर बस्छ । त्यसले कार्यान्वयनको पक्षमा प्रयुक्त हुन पाउँदैन र परिणामस्वरूप विपन्नताले उक्त मुलुकलाई घेराव गरिरहन्छ । तसर्थ अनुसन्धानकै माध्यमबाट मुलुक र मुलुकवासीको सर्वतोमुखी विकास पहिल्याउन नितान्त आवश्यक ठहर्छ । प्रस्तुत पुस्तक पनि यही अवधारणालाई जगेर्ना गर्दै सवलीकरण, प्रवलीकरण र अब्बलीकरण गर्ने तर्फ सहजीकरणमा यसले योगदान पुऱ्याएको कुरा निःसन्देह स्वीकार्न सकिन्छ । तसर्थ उक्त पुस्तक विद्वत् क्षेत्रको द्विज्ज्वग्राह्य गहना सावित भएको छ । यसभित्र रहेका सानातिना कमजोरीहरूलाई पछिल्ला संस्करणमा सम्बोधन गरियो भने यो कृति अझ ओझपूर्ण हुने कुरामा विश्वस्त हुन सकिन्छ ।




पराजुली, जगतप्रसाद, (२०७८), समाजिक विज्ञानमा अनुसन्धान पद्धति (Research Methodology in Social Sciences), काठमाडौं : शृङ्खला मासिक नेपाली साहित्यिक ।